"कृषि, पशु, शिक्षा, पर्यटन र पुर्वाधार ; बकैया गाँउपालिकाको विकासको मुल आधार"

# आर्थिक वर्ष २०७६/७७को

# नीति, कार्यक्रम तथा बजेट

बकैया गाउँपालिका

मकवानपुर

३ नं. प्रदेश, नेपाल

**आदणीय अध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पछिको तेस्रो बजेट, नीति तथा कार्यक्रम यस गरीमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रीक स्वतन्त्रताको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, शसस्त्र आन्दोलन, तराई मधेस लगायतका सम्पुर्ण आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ सहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

**खण्ड १ परिचय**

## १.१ स्थानीय तहको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ५६ मा व्यवस्था भए बमोजिम गठन भएका ७५३ वटा स्थानीय तह मध्ये मकवानपुर जिल्ला प्रदेश नं. ३ मा हाम्रो बकैया गाउँपालिका रहेको छ । यस गाउँपालिकामा साविकमा रहेका धियाल, छतिवन, शिखरपुर, मन्थली र ठिंगन गा.वि.स.हरुरहेका छन् । हाल बकैया गाउँपालिकामा १२ वटा वडा रहेका छन् भने२०६८ सालको जनगणना अनुसारयस गाउँपालिकाको जनसंख्या ३९,६२० र क्षेत्रफल ३९३.७५ वर्ग कि.मी. रहेको छ ।

## १.२ विद्यमान अवस्थाको समिक्षा

१.२.१ स्थानीय तहमा कार्यकारिणी, व्यवस्थापकीय तथा न्यायिक समिति मार्फत न्यायिक अधिकार समेत रहेकोले जनताको अधिकांश समस्या गाउँमा नै समाधान हुने गरी अधिकार र जिम्मेवारी गाउँपालिकामा आएको छ । जसले गर्दा जनताका अधिकांश समस्याहरुलाई स्थानीय तहमा नै समाधान गर्न सकिनेछ ।

१.२.२ स्थानीय तहको निर्वाचन सम्पन्न भएको २ वर्ष बितिसकेको भएतापनि शिक्षा लगायतका विषयगत कार्यालयका कर्मचारी स्थानीय तहमा समायोजन हुन नसक्नु वडा सचिव लगायतका कर्मचारीहरुको अभाव रहनु आदि कारणको बाबजुद पनि वडा कार्यालय तथा गाउँपालिका कार्यालयबाट सेवा सहज रुपमा दिन सफल भइरहेका छौं ।

१.२.३ स्थानीय तहको निर्वाचन सम्पन्न भइ नवनिर्वाचित जनप्रतिनिधिको कार्यकाल २ वर्ष बितिसकेको सन्दर्भम जिल्ला तहमा रहेका कार्यालयहरु पुनसंरचना भई स्वास्थ्य, कृषि, पशु, महिला विकास सहकारी लगायतका कार्यालयका बजेट तथा कार्यक्रम र साधन श्रोत, जनशक्ति, सम्पति तथा अधिकार हस्तान्तरण

भई गाउँपालिकामा प्राप्त भइसकेका छन् जसबाट गाँउपालिका स्तरबाट नै बहु विषयका सेवाहरु प्रदान भइरहेका छन् ।

**सभाध्यक्ष महोदय,**

१.२.४ यी सबै सकारात्मक उपलब्धी हुँदा हुदै पनि गाउँपालिकाको अर्थतन्त्रमा देखिएको मुलभुत चुनौतीहरु यस प्रकार रहेका छन्:-

**(क) संघीयता कार्यान्वयन**

लामो समयदेखि एकात्मक राज्य प्रणालीको अभ्यास गरेका हाम्रा लागि संघीयता कार्यान्वयन नौलो प्रयोग हो । स्थानीय निर्वाचन सम्पन्न भएको २ वर्ष बितिसक्दा समेत स्थानीय तह सक्षमता तर्फ अगाडी बढ्दै गर्दा पनि पर्याप्त कर्मचारीको अभाव खड्कनु चुनौतिको रुपमा रहेको छ ।

**(ख) कार्यान्वयन क्षमता**

गाउँपालिकाबाट संचालन गरिने आयोजना कार्यान्वयनमा सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्ती प्रतिको उदासिनता, समग्र मानविय क्षमताको कमी आदिका कारण समस्या उत्पन्न भएको छ । तसर्थ गाउँपालिका अर्न्तगत संचालन हुने योजनामा लक्ष्य बमोजिम कार्य सम्पादन गर्नु चुनौतिपुर्ण रहेको छ ।

**(ग) समयबद्ध पुनःनिर्माण**

भुकम्प गएको चार वर्ष वितिसक्दा पनि कतिपय भूकम्प पिडितहरुले व्यक्तिगत आवास निर्माण गर्न नसकेको तीतो यथार्थ हाम्रो सामु छ । भुकम्पबाट क्षतिग्रस्त निजि आवास पुनःनिर्माण कार्यमा जग्गा स्वामित्व आदिको कारण ढिलाई भएको सन्दर्भमा हाल नेपाल सरकारको परिमार्जित नीतिको कारण केही सहज भएको छ । तर पनि पुनःनिर्माण कार्यहरु छिटो सम्पन्न गर्नु चुनौतिपुर्ण रहेको छ ।

**(घ) सार्वजनिक निर्माणको गुणस्तरीयता**

निर्माण कार्यको सूक्ष्म सुपरिवेक्षण, उपभोक्ता समितिको कमजोर क्षमता र सघन अनुगमनको अभाव आदिका कारण गाउँपालिकाबाट निर्माण भएका संरचनाहरुको छोटो समयमा नै जीर्ण हुने गरेका छन्

।यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धी गर्नुपर्ने र दोहोरो तेहेरो खर्च रोक्नुपर्ने कार्य चुनौतीपूर्ण छ ।

**(ङ) शासकिय क्षमता**

जनता प्रतिको जिम्मेवारी र उत्तरदायित्व प्रतिको सचेतना बिना स्थानीय तहबाट दिने सेवाको सहज प्राप्ति हुन सक्दैन । तसर्थ कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने चुनौति रहेको छ ।

१.३

**आदरणीय अध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०७६/७७ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**आ.व. ०७६/७७ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संविधान भाग ४ अन्तुर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु,धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- तथा बकैया गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

१.४यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु :-

- गाउँपालिका तथा वडा कार्यालयहरुको व्यवस्थापन र सञ्चालन,
- रोजगारीका अवसरहरुको वृद्धी,
- उत्पादन र उत्पादकत्वमा वृद्धी,
- गाउँपालिकाबाट वडाको केन्द्रसम्म जोड्ने सडक निर्माण तथा स्तरन्नोती,
- कृषिको आधुनिकरण, विविधिकरण र व्यवसायिकरण,
- विद्युत लाइन विस्तार र भोल्टेज सुधार,
- पर्यटन पूर्वाधारको विकासर प्रवर्धन,
- शिक्षा, स्वास्थ्य, तथा स्वच्छ खानेपानी माथी सहज पहुँच,
- अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ र सहज आपुर्ति,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

## खण्ड३ – आगामी आ.व.२०७६।७७ को नीति, बजेट तथा कार्यक्रम

**आदणीय अध्यक्ष महोदय,**

अब म यीनै चुनौती, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आ.ब. २०७६/०७७ को बजेट निती तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदणीय अध्यक्ष महोदय,**

यस बकैया गाउँपालिकाबाट बिषयगत रुपमा हरेक क्षेत्रको विकास लाई प्रभावकारी र व्यवस्थीत बनाउन क्षेत्र अनुसार छुट्टाछुट्टै नीतीहरु निर्माण गरिएको छ जसलाई गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश गरी लागु गर्दै लगिनेछ । ती महत्वपुर्ण नितीहरु यस प्रकार रहेका छन् ।

## समष्टिगत नीतिहरु

१. यस बकैया गाउँपालिका क्षेत्रका करिव ४० प्रतिशत घरधुरीका घरमुलीसंग आफ्नो परिवारका नाममा जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको नापनक्सा समेत नभएको ऐलानी जग्गा भएकोले त्यस्ता जग्गाको तथ्यांक संकलन गर्न कार्यविधि बनाई तथ्यांक संकलन कार्यको सुरुवात गरिनेछ । र नापनक्सा गरी न्यनुतम क्षेत्रफलको जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन स्थानीय तहको तर्फबाट आवश्यक पहल गरिनेछ ।

२. यस बकैया गाउँपालिकालाई आगामी १ वर्ष भित्रमा बालमैत्रीयुक्त गाउँपालिका घोषणा गर्न चालु आर्थिक वर्षमा संचालित बालमैत्री शासन कार्यक्रम लाई केहि परिमार्जन गरी निरन्तरता दिइनेछ ।

३. यस बकैया गाउँपालिकाको सवै वडाहरुबाट गाउँपालिकाको केन्द्रमा जोडिएको धरान चतरा सडकसँग जोड्न बाँकी रहेका सडक आगामी आ.व. बर्ष भित्र जोडिनेछ । साथै जोडिएका सडकहरुलाई स्तरोन्नती गर्दै लगिने छ ।

४. यस बकैया गाउँपालिका भित्र रहेको वकैया नदी, सिमात खोला र यससंग जोडिएको हरेक खहरेखोला बाट भइरहेको र हुन सक्ने सम्भावित क्षतीलाई मध्यनजर गर्दै यी खोलाहरुमा आवश्यक तटबन्धन गरी वस्ती तथा उर्वर भुमी बचाउन राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई व्यवस्थित बनाइनेछ । साथै सम्बन्धीत सरकारी तथा गैह्र सरकारी निकाय सँग समन्वय गरी अघि बढिनेछ ।

५. बकैया गाउँपालिकाबाट यस गाउँपालिकाका वडाहरुमा गाउँपालिका स्तरीय बजेट विनियोजन गर्दा सम्बन्धित वडाकोजनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, विकास निर्माण कार्यमा स्थानीय जनताको अग्रसरता, भारित लागत आदिका आधारमा समतामुलक बजेट विनियोजन गरीनेछ ।

६. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको संकलन गरी गाउँपालिका स्तरीय योजना बैंक बनाइनेछ र त्यस्ता योजनाहरुलाई प्राथमिकताको आधारमा क्रमश सञ्चालन गर्दै लगिनेछ ।

७. यस गाउँपालिकाका विभिन्न वडाहरुमा दुरदराजमा छरिएर रहेका तथा जोखिममा रहेका घरधुरीहरुलाई समेत विकासको मुल प्रवाहमा ल्याउन त्यस्ता बस्तीहरुलाई स्थानान्तरण गरी एकिकृत बस्ती विकास गर्न एकिकृत वस्ती विकास गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र रहेका प्रत्येक घरधुरीलाई समावेस गराएर टोल विकास संस्था गठन कार्यलाई निरन्तरता दिइनेछ । साथै त्यस्ता टोल विकास संस्थालाई गाउँपालिकाको समग्र विकासमा सहचारीको रुपमा क्रमश अघि बढाइनेछ ।

## क्षेत्रगत नीति तथा आधारहरु

## आर्थिक विकास

१. कृषि तथा पशुपालन क्षेत्र यस गाउँपालिकाको तुलनात्मक लाभको क्षेत्र भएकोले कृषि क्षेत्रको आधुनिकीकरण विविधिकरण तथा व्यवसायीकरणबाट मात्र यस गाउँपालिकाको समुन्नती सहज हुने भएकोले कृषि क्षेत्रको विकासमा आवश्यक पहल गरिनेछ ।

२. कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदानको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उत्पादित कृषिजन्य तथा पशुजन्य उपजको सहज बजार पहुँचलाई सुनिश्चीत गरिनेछ ।

३. पशुपालन तथा कृषिको लागि ठुला आकारका कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

५. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्धन गर्न पर्यटन गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

६. सहकारी क्षेत्र नेपाल सरकारको ३ खम्बे अर्थनीति मध्येको एक प्रमुख खम्बा भएकोले सहकारी क्षेत्रको प्रवर्धन तथा विकासको लागि आवश्यक पहल गरिनेछ । सहकारी संस्थालाई थप व्यवस्थित गर्न सहकारि नियमावली बनाई कार्यान्वयन गरिनेछ ।

## समाजिक विकास

**दुर्व्यसनी मुक्त गाँउघर, सुशासन र समृद्धिको आधार भन्ने नाराका साथ सामाजिक विकासका कृयाकलाप सञ्चालन गरिनेछ ।**

**स्वास्थ्य**

१. मौलिक हकको रुपमा रहेको गुणस्तरीय निशुल्क आधारभुत स्वास्थ्य सेवालाई गाउँपालिकाका सवै नागरिकको सहज पहुँचमा पुर्याइनेछ ।

२. गाउँपालिका स्तरमा कम्तिमा एउटा १५ शैयाको अस्पताल रहने प्रावधान रहेकोमा छतिवन प्राथमिक स्वास्थ्य केन्द्रलाई नै १५ शैयाको अस्पतालमा स्तरोन्नती गरी निर्माणको काम अगाडी बढाइनेछ ।

३. नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई यस गाउँपालिकाले समेत आत्मसात गरी सफल पार्न आबश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु थप गरी संचालन गरिनेछ ।

४. २४ घण्टे आकस्मीक सेवालाई नियमीत र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धि कार्यक्रमहरुलाई बहुक्षेत्रिय लगानीका रुपमा निरन्तरता एवं परिवार नियोजन सेवालाई प्रभावकारी वनाउन सेटलाईट क्लिनिकहरु र दुर्गम क्षेत्रहरुको लागि स्वास्थ्य शिविरहरु संचालन गरिनेछ । प्रस्तुत सेवाहरुलाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा विस्तार गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था समेत गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेबिकाहरुको क्षमता अभिवृद्धि गरी आवश्यक प्रोत्साहन सहित महिला स्वास्थ्य स्वयंसेविका कार्यकमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ । क्षयरोग,भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा ,अन्तर्क्रिया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु संचालन गरी स्वास्थ्यका बिषयवस्तुमा जनताहरुलाई सुसुचित गराईनेछ ।

**शिक्षा**

१. सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षाको बिचमा देखिएको खाडल कम गर्न शैक्षिक शत्र २०७६ देखी शुरु भएको केही विद्यालयहरुका आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठन कार्यलाई अन्य विद्यालयहरुमा समेत सुरु गर्न आवश्यक तयारी गरिनेछ ।

२. सामुदायिक बिद्यालयका शिक्षकहरुलाई बालमैत्री पठनपाठन सम्बन्धी क्षमता बिकास तालिम संचालन गरि बालमैत्री कक्षाको ब्यवस्थापन गर्नुका साथै बिषय शिक्षकहरुको समुहमा गाउँपालिका स्तरमा शिक्षण सिकाई सम्बन्धि नमुना कक्षाको ब्यवस्था गरिनेछ ।

३. विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु ,बाल शिक्षिका , प्रधानाध्यापक , बिषय शिक्षक,गाउँ शिक्षा समितिहरुलाई आ-आफ्नो भुमिका , उत्तरदायित्व,शिप विकास लगायत जिम्मेवारी वहन गराउन तालिम सेमिनार गोष्ठीहरु संचालन गरिनेछ ।

४. बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याउनका लागी बिशेष प्रोत्साहन कार्यकम संचालन गरिनेछ।

५. स्रोत केन्द्र, सामुदायिक बिद्यालय र अन्य विद्यालयहरुमा भौतीक पुर्वाधार, बिज्ञान प्रयोगशाला, जनशक्ति लगायतको उचित व्यवस्थापन गरिनेछ ।

६. प्रत्येक वडाका कम्तीमा १-१ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकसित गरी अघि बढिनेछ ।

७. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ । साथै दरवन्दी मिलान गर्दा समेत दरवन्दी अपुग भएको अवस्थामा कार्यविधी निर्माण गरी त्यस्ता विद्यालयहरुलाइ विशेष अनुदान दिने मार्गमा अघि बढिनेछ ।

**खानेपानी तथा सरसफाई**

१. स्वच्छ खानेपानी माथी सबैको पहुँच सुनिश्चित गरिनेछ जसका लागि १ घर १ धारा नीति अवलम्बन गरि लागु गरिनेछ।

२. हरेक वडाको एक बस्तीलाई सरसफाईमा नमुना बस्तीको रुपमा बिकसित गर्न आवश्यक पहल गरिनेछ ।

**साहित्य तथा संस्कृति प्रवर्धन**

१. स्थानिय कला साहित्य संस्कृती पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्वर्द्धन गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ । साथै बकैया ठाकुर मन्दिर पर्यटकिय पार्क र त्रिवेणी पर्यटकीय पार्क जस्ता पर्यटकीय क्षेत्रलाई विषेश रुपले लिइनेछ । धनेश्वर पर्यटन पार्क, लटरम्मेश्वर महादेव मन्दिर, लगायत अन्य स्थानमा पर्यटक क्षेत्रको विस्तार गरिनेछ ।

**लैङ्गिक समानता र समावेशीकरण**

१. बाल बिवाह न्युनीकरण गर्न सम्बन्धीत निकाय सँग सहकार्य गरी आवश्यक पहल गरिनेछ ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरू संचालन गरीनेछ ।

३. महिलाहरुलाई सिपमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धी गरी उनीहरुलाई आर्थीक रुपमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. लैंगिक हिंसा न्यूनिकरणका लागि सरोकारवाला निकायहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । किशोरीहरुको क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ ।

५. अपाङ्ग परिचयपत्र वितरण गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपबिकास तालिम संचालन गरिनेछ ।

६. अल्पसङ्ख्यक सिमान्तिकृत समुदायको शशक्तीकरणको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७. अति विपन्न महिलाहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

८. महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

९. महिला मात्र उपभोक्ता रहेका उपभोक्ता समितीलाई बढी प्राथमिकता दिइनेछ ।

१०. एकल महिलाको आयआर्जनको लागि सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

**खेलकुद तथा मनोरन्जन**

१. खेलकुद क्षेत्रको विकास मार्फत यस गाउँपालिकालाइ मकवानपुर जिल्ला, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन आवश्यक खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ । साथै खेलाडीहरुको आवश्यक क्षमता विकासमा जोड दिइनेछ ।

२. गाउँपालिका स्तरीय खेलकुद विकास समन्वय समिति लाई व्यवस्थित गरिने छ ।

३. गाँउपालिका स्तरीय एक कभर्ड हलको निर्माण गरिने छ । साथै खेलाडीहरुको लागि आवश्यक प्रशिक्षणको लागि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

४. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि खेलकुद क्षेत्रका विभिन्न सस्थाहरुसङ्ग समन्वय गरि अघि बढिनेछ ।

## पुर्वाधार विकास "बकैया बासीको आवश्यकता गोल सडकलाई प्राथमिकता"

**बकैया गाउँपालिकाको रहर विकासमा लहर भन्ने नाराका साथ देहाय बमोजिमका पुर्वाधार विकासका गतिविधि सञ्चालन गरिने छ।**

**सडक निर्माण**

१. गाउँपालीकाको केन्द्रबाट प्रत्येक वडा केन्द्र सम्म र प्रत्येक वडाकेन्द्र देखि प्रत्येक गाँउसम्म न्यूनतम मापडण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्र ट्रयाक ओपन भइसकेका सडकहरुलाइ बाह्रै महिना चल्ने बनाउन ती सडकहरुको स्तरोन्नतीमा आवश्यक पहल गरिनेछ । ति सडकहरुको विस्तृत आयोजना प्रतिवेदन

तयार गरी क्रमानुगत तवरले स्तरोन्नती गर्दै लगिनेछ । अत्यावश्यक अवस्थामा बाहेक नयाँ ट्र्याक ओपन गरिने छैन ।

३. गाउँपालिकाको पारवाहन गुरुयोजना तयार गरी गाउँपालिकाका सबै वडाहरुलाई व्यवस्थित तरीकाले सडक संजालमा जोड्ने कार्य अघि बढाइनेछ ।

**विद्युतीकरण**

१. यस बकैया गाउँपालिकाका सबै वडाहरुमा विद्युत सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै हालसम्म विद्युत नपुगेका वडा र क्षेत्रहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।

२. बकैया गाँउपालिका वडा न ४ भिमसेन दमारमा निर्माणाधिन सव स्टेशनलाई छिटो निर्माण गर्न समन्धित निकायमा पहल गरिने छ ।

**पुल तथा झोलुङ्गेपुल**

३. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्की तथा झोलुङ्गे पुलको निर्माणको लागि प्रदेश तथा संघ सँग समन्वय गरी अघि बढिनेछ।

**भवन तथा शहरी विकास**

१. भवन निर्माणलाइ व्यवस्थित गर्न गाउँपालिकाको भवन निर्माण संहिता बनाइ लागु गरिनेछ । साथै व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिइ सोहि बमोजिम गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

**सिचाँइ**

१. गाउँपालिका भित्र संचालन गर्न सकिने बृहत सिचाइ परियोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा प्रदेश तथा पहल गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

१. गाउँपालिकाबाट सडक निर्माण लगायतका विकास निर्माण कार्य संचालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन गरी वातावरण मैत्री बनाइनेछ ।

२. चट्याङ्गको सुरक्षाका लागि अति संवेदनसिल क्षेत्रमा लाइटिङ्ग एरेष्टरको प्रयोग गरी चट्याङ्गबाट वर्षेनी भइरहेको मानविय क्षतिलाई न्युनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

४. घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि कन्टेनरहरुको व्यवस्थापन गर्दै फोहोरको उचित व्यवस्थापन समेतमा ध्यान पुऱ्याईनेछ । गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरुको व्यवस्थाको लागि आवश्यक अध्ययन गरिनेछ ।

५. समृद्ध र हराभरा बकैया गाँउपालिकाको नारा सहित एक घर दुई फलफुल विरुवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. समृद्ध र हराभरा बकैया गाँउपालिकाको नारा सहित दिगो विकासलाई मध्यनजर राखेर विकास गतिविधि सञ्चालन गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह र शुसासन

१. बकैया गाउँ गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त र सहज बनाउन गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२. गाउँपालिका भित्रका सबै कार्यालयहरुमा आबश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार, ईन्टरनेट प्रणाली, सूचना प्रणालीको बिकास गर्दै जनप्रतीनिधी तथा कार्यालयका कर्मचारीहरुलाई क्षमता बिकासका कार्यकमहरु लाई निरन्तरता दिइनेछ ।

३. वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र कम्प्युटराईज गरिनेछ ।

४. कार्यकम तथा बजेटको आय व्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजनिक सुनवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग प्रणाली मार्फत गर्नुका साथै यस गाउँपालिकाबाट हुने सम्पुर्ण कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत सन्चालन गर्ने प्रकृया अघि बढाइनेछ ।

६. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ ।

७. समिक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुसाधनलाई प्रवर्धन हुने कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

८. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनसिलताको अवधारणा मार्फत शुसासनमा टेवा पुर्‍याईनेछ । बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

९. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता कार्यलाइ प्रत्येक वडाबाट संचालन गरिनेछ ।

१०. गाउपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माण जस्ता कार्यलाई निरन्तरता दिंदै गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।

११. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई १फर्निचर, कम्प्युटर तथा मेसिनरी औजारले सुसज्जित गरी सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाइनेछ ।

१२. दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन ।सम्पती कर लागु गरिनेछ तथा थप राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिनेछ ।

अन्य

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाई लागु गरिनेछ ।

२. बकैया २ कालापानी धियालमा रहेको युरेनियमलाई केन्द्र र प्रदेश सरकारसङ्ग समन्वय गर्दै परिक्षणको कार्यलाई अगाडि बढाइनेछ ।

३. निजगढ काठमाडौं द्रुतमार्ग र मदन भण्डारी मार्ग जोडिने Intersection Point बकैया गाउँपालिका वडा नम्बर ५ राजदमारमा तोक्न पहल गरिनेछ ।

४. खरको छानामुक्त गाँउपालिका निर्माणको लागि विपन्न वर्ग, द्वन्द्व पिडित, सहिद परिवार, सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर जस्ताको छाना छाउने कार्यका लागि अनुदानको व्यवस्था गरिनेछ ।

आदरणीय सभाध्यक्ष महोदय,
सभाका सदस्य ज्यूहरु,

स्थानीय तहको निर्वाचनपछिको तेस्रो बजेट, नीति तथा कार्यक्रम केही परिमार्जन सहित यस गरीमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रीक स्वतन्त्रताको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, शसस्त्र आन्दोलन, तराई मधेस लगायतका सम्पुर्ण आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ सहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

मिति २०७६ असार १० गते यस बकैया गाँउपालिकाको पाँचौ गाँउसभा बैठकको प्रथम सत्रमा गाँउपालिकाको आव २०७६।७७ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिसकिएको छ । उक्त नीति कार्यक्रम तथा बजेटको केही संशोधन सहित प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## गाँउपालिकाको थप नीति तथा कार्यक्रमहरुः

१. बकैया गाउँपालिकाका विरामीहरुका लागि आवश्यक रगतको व्यवस्थापन गाउँपालिकाबाट निःशुल्क गराइनेछ।
२. यस गाउँपालिकाको आठ वटै स्वास्थ्य संस्थामा अक्सिजनको व्यवस्था गरिनेछ।
३. सामुदायिक सेवा केन्द्र व्यवस्थापनलाई निरन्तरता दिइनेछ।
४. बकैया गाउँपालिकाभित्र हालसम्म बनिसकेका खरका छाना भएको घर अति विपन्न, गरीब र पछाडी पारिएका समुदायका लागि घरको छानो विस्थापन कार्यक्रम संचालन गर्न जस्तापाताको व्यवस्थापन गरिनेछ।

२०७६ असार १० गते यस बकैया गाउँपालिकाको पाँचौ गाउँसभाको प्रथम शत्रमा यस सम्मानीत सभा समक्ष पेश गरिएको बजेट माथी विभिन्न विषयगत समितिहरुमा भएका दफावार छलफल तथा कार्यपालिका बैठकमा पटक पटक भएका छलफलबाट प्राप्त निचोडको आधारमा परिमार्जन गरी प्रस्ताव गरिएको परिमार्जन सहितको संशोधित बजेट पेश गर्ने अनुमति चाहन्छु ।

साविकमा यस सम्मानीत सभा समक्ष आर्थिक वर्ष २०७५।७६ को कुल बजेट रु ५५ करोड ९६ लाख ७७ हजार प्रस्तुत गरिएकोमा चालु आर्थिक वर्षको अनुमानित नगद मौज्दात रु ३ करोडलाई वृद्धि गरि रु ७ करोड कायम गरी कुल बजेट रकम रु ५९ करोड ९६ लाख ७७ हजार शंशोधन सहित प्रस्ताव गरेको छु ।

आदरणीय सभाध्यक्ष महोदय

अब म प्रस्तावित कुल बजेट रु ५९ करोड ९६ लाख ७७ हजार रकम मध्ये संघिय तथा प्रदेश शशर्त अनुदान बाहेकको हुन आउने रकम रु ४० करोड ६८ लाख ७५ हजार रकमको विवरण प्रस्तुत गर्न चाहन्छु ।

संचालन खर्चतर्फ,

आर्थिक वर्ष २०७६।७७ को कुल संचालन खर्च साविकमा रु ७ करोड प्रस्ताव गरिएकोमा त्यसलाई परिमार्जन गरी रु ६ करोड प्रस्ताव गरेको छु ।

आदरणीय सभाध्यक्ष महोदय,

अब म विकास बजेट तर्फको बजेट पेश गर्ने अनुमति चाहन्छु ।

विकास बजेट अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन शिर्षकमा प्रस्ताव गरिएको कुल रु २८ करोड ३८ लाख ७५ हजार रकमलाई वृद्धि गरी ३४ करोड ६८ लाख ७५ हजार प्रस्ताव गरेको छु।

सभाध्यक्ष महोदय,

अब म विकास बजेट तर्फ प्रस्ताव गरिएको रकमलाई शिर्षक अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>आर्थिक विकास</u>

आर्थिक विकास शिर्षक तर्फ कृषि, पशु, सहकारी, पर्यटन सम्बन्धी कार्यक्रमको लागि साविकमा रु ३ करोड ८४ लाख प्रस्ताव गरिएकोमा त्यसलाई परिमार्जन गरी ३ करोड ६५ लाख प्रस्ताव गरेको छु ।

<u>सामाजिक विकास</u>

सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद, लक्षित वर्गका कार्यक्रम, समावेशीकरण लगायतका कार्यक्रमको लागि रु ६ करोड ९४ लाख प्रस्ताव गरिएकोमा त्यसलाई वृद्धि गरी ७ करोड २० लाख २५ हजार प्रस्ताव गरेको छु ।

<u>पुर्वाधार विकास</u>

पुर्वाधार विकास तर्फ सडक, भवन, विद्युतिकरण, सिचाई लगायतका कार्यक्रमको लागि रु ९ करोड ८० लाख ५० हजार प्रस्ताव गरिएकोमा त्यसलाई वृद्धि गरी १४ करोड ३५ लाख प्रस्ताव गरेको छु ।

## वातावरण र विपद व्यवस्थापन

वातावरण र विपद व्यवस्थापन तर्फ वातावरण संरक्षण, विपद व्यवस्थापन लगायतका क्षेत्रमा कुल रु ४० लाख रकम प्रस्ताव गरिएकोमा त्यसलाई साविक बमोजिम नै प्रस्ताव गरेको छु ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

संस्थागत विकास सेवा प्रवाह र सुशासन अन्तर्गत गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण,गुरुयोजना निर्माण आदि कार्यको लागि रु ३ करोड ५० लाख प्रस्ताव गरिएकोमा त्यसलाई परिमार्जन गरि रु २ करोड प्रस्ताव गरेको छु ।

## समपुरक कोष

ठुला प्रकृतिका विकास निर्माण कार्य गाउँपालिकाको एक्लो प्रयासले मात्र संभव नहुने अवस्थालाई मध्यनजर गर्दै संघ तथा प्रदेश तह सँग सहकार्य गरी ठुलो प्रकृतिका विकास निर्माणका कार्य संभव तुल्याउन प्रस्ताव गरिएको समपुरक कोष अन्तर्गतको रु ४ करोड रकमलाई साविक बमोजिम नै कायम राखी प्रस्ताव गरेको छु ।

## भैपरी आउने तथा विविध

वर्तमान संक्रमणकालिन अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार खर्च शिर्षक किटान गरी खर्च गर्ने गरी रु १ करोड २० लाख २५ हजार रकम भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजनको प्रस्ताव गरिएकोमा त्यसलाई परिमार्जित गरि भैपरी आउने पूँजीगत शिर्षकमा रु ५० लाख र विविध शिर्षकमा रु २ करोड ३ लाख ५० हजार विनियोजन गरिएको छ।

जसमध्ये वडा सिलिङ बाट आर्थिक विकास तर्फ जम्मा ८५ लाख, सामाजिक विकास तर्फ २ करोड ४ लाख ५० हजार, पूर्वाधार विकास तर्फ २ करोड ८७ लाख र विविध तर्फ रु ५३ लाख ५० हजार गरि जम्मा ६ करोड ३० लाख विनियोजन गरिएको छ।

आदरणीय सभाध्यक्ष महोदय

आदरणीय सदस्य ज्यहरु

यसरी आ.ब. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, टोल वस्ति स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

गाउँपालिका भित्रका वस्ती तथा वडा तहबाट माग गरिएका विकास कार्यक्रमहरुको सबै माग एकै पटक सम्बोधन गर्न नसकिने भएकोले यस बजेटले प्रत्यक्ष वा परोक्ष रुपमा सम्बोधन गर्न नसकेका योजना तथा कार्यक्रम आगामी गाउँसभा तथा बजेटबाट क्रमशः सम्बोधन गरीने व्यहोरा जानकारी गराउदै यो बजेट बक्तव्य यही अन्त्य गर्दछु ।

**धन्यवाद ।**

**सरला बोलखे (उपाध्यक्ष)**
**बकैया गाँउ कार्यपालिका**

**मिति :२०७६ साल असार ३१ गते**
**बकैया गाँउ कार्यपालिका**